मधुवन नगरपालिका फोन:-०८४-४४०१११
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
५नं प्रदेश, नेपाल

# आर्थिक बर्ष २०७४/२०७५ का योजनाहरु

१. यस मधुवन नगरपालिकाका शहरी एवं ग्रामिण क्षेत्र विच अन्तर सम्बन्धीत आयोजनाहरु को कार्यान्वयन गरि विशेष गरेर ग्रामिण क्षेत्रका बासिन्दाहरुको बजार क्षेत्र सम्मको पहुच बढाई आयमुलक रोजगारीका अवसरहरु सृजना गर्दै गरिवी न्यूनिकरण गरिने छ।

२. पछाडि परिएका र लक्षित वर्गका नगर वासिहरुमा सचेतना अभिबृद्धि गर्दै सिपमुलक तथा आयमुलक कार्यक्रमहरु मार्फत जिवन स्तरमा सुधार ल्याइने छ।

३. जन सहभागिता तथा लागत सहभागिताका आधारमा मुख्य बजार क्षेत्रको भौतिक पूर्वाधार निर्माणका योजनाहरु लाई निरन्तरता दिइने छ।

४. साविक सूर्यपटुवा हाल वडा नं.१ स्थित होम स्टे एरियामा पर्यटन प्रर्वधन र उक्त एरियालाई कालान्तरमा एउटा पर्यटकिय क्षेत्रका रुपमा विकाश गरि संस्कृत अध्यन स्थलका रुपमा रुपान्तरण गर्ने प्रक्रिया को थालनी गरिनेछ।

५. सिमावर्ती क्षेत्रमा रहेका विपन्न वस्ती,मुक्त कमैया,सुकुम्बासी लगायतका क्षेत्रमा पूर्ण सरसफाइ अभियान सञ्चालन गर्नुका साथै आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण गरिनेछ।

६."जनताको घर उज्यालो" कार्यक्रम सञ्चालन गरि बत्ती नपुगेका बस्ती मा विद्युत विस्तार गरि सडक बत्तीलाई विस्तार गरिनेछ।

७. सम्पूर्ण सार्वजनिक जग्गा,ताल तलैया,वन जंगल र नदीनाला लगायत सम्पूर्ण सार्वजनिक सम्पतिको संरक्षण गरिनेछ

८. शहरी गरिबी उन्मुलनका कार्यक्रमहरु अगाडी बढाइने छ। प्रत्येक वडामा नागरिक सचेतना केन्द्र स्थापना गरि विपन्नको महिलाहरुको आयस्तरमा सुधार ल्याइनेछ।

९. सामाजिक स्थितिमा सुधार ल्याउन शिक्षा,स्वास्थ्य, खानेपानी,सरसफाइ विद्युतीकरण जस्ता सुविधाहरुमा बृद्धि गरिनेछ।

१०. नगरपालिका क्षेत्रभित्र रहेका पिछडिएका जाती जनजाती एवं अन्य वर्गका आमा र शिशुको स्वास्थ्यलाइ ध्यान मा राखि मातृ शिशु स्याहार कार्यक्रम अन्तरगत प्रोत्साहन भत्ता उपलब्ध गराइने छ।

११. बसपार्क,मासुपसल र तरकारी पसल तथा हाट बजारलाई व्यवस्थित गर्न आवश्यक स्थानहरुमा आयमुलक भवनहरु निर्माण गरिनेछ।

१२. यसै आ.व. मा सवै वडा कार्यालयहरुका भवन निर्माण प्रक्रिया अगाडी बढाइने छ।

१३. दिगो विकाशलाई बहुवर्षिय योजना अघि बढाइने छ।

१४. संरक्षणको पर्खाइमा रहेका ताराताल ताल,श्रीकैडाको ताल, भगरैया सिमसार क्षेत्र लगायतका तालहरु लाई व्यवस्थित गराई आयमुलक श्रोतका रुपमा रुपान्तरण गरिने छ ।

१५. १७ नं. रत्न चोक देखि खाता करिडर जोडने पर्यटकिय सडकको निर्माण कार्य सुरु गरि पर्यटन मार्ग मा रुपान्तरण गरिने छ ।

१६. सामुदायिक विद्यालयहरुको स्तरउन्नती गर्दै शिक्षालाई प्रतिस्पर्धी र व्यवसायिक मुलक बनाइने छ ।

१७. फोहोरमैला व्यवस्थापन र ल्याण्ड फिल साइडको निर्माण प्रारम्भ गरिने छ ।

१८. साविक का ४ वटा गा.वि.स ताराताल सानोश्री ढोढरी र सुर्यपटुवामा अलग अलग प्रविधी सग सम्बन्धीत शिक्षा निति लाइ अबलम्बन गर्दै एक ठाउ एक प्राविधीक शिक्षाको कार्यक्रम (CTVT सग आबद्ध ) यसै वर्ष देखि सञ्चालन मा ल्याइनेछ ।

उपरोक्त उद्‌देश्यहरु प्राप्तीका लागी विगतमा अंगीकार गरिएको नीती र कार्यान्वयनको क्रममा प्राप्त भएका अनुभवलाइ सँगाल्दै वर्तमान निती, निर्णय,तथा आदरणीय नगरबासीहरुका चाहाना र प्राप्त श्रोतका आधारमा उल्लेखित उद्‌देश्यहरु पुर्ती गर्नका लागी निम्न अनुसारका नीतीहरु अवलम्ब गरिनेछ ।

## नीतीहरु :

### १. <u>भौतिक पूर्वाधार :</u>

१. नगरपालिकाको अद्यावधिक आवधिक योजना,नगरयातायात गुरुयोजना,ढल निकास गुरुयोजना तथा बबइ तथा ओराई नदी तटबन्धन र व्यवस्थापन आयोजनाले प्रथमिकतामा राखेका योजनाहरु कार्यान्वयनमा प्रथमिकता दिइनेछ ।

२. गाउ र नगरको अन्तरसम्बन्धमा आधारित र अधिकतम लागत सहभागिताका योजनालाई प्राथमिकता दिइने छ ।

३. विशिष्ट प्रकारको प्रविधिको आवश्यकता पर्ने जटिल प्रकृतीका योजना बाहेकका योजनाहरु उपभोक्ता मार्फत सञ्चालन गरिने निति लिनेछ ।

४. साविकका ४ गा.वि.स ताराताल,ढोढरी,सूर्यपटुवा र सानोश्री मा समानुपातिक तवरबाट भौतिक निर्माणका क्रियाकलाप सञ्चालन गर्ने निती लिइनेछ ।

५. १० लाख भन्दा माथीका सार्वजनिक खरिद प्रक्रियलाई इ.विडिङ्ग प्रणालीमा लगिने छ ।

६. मधुवन न.पा. को भवन मापदण्ड र आचारसंहिता लाई स्थानिय विकाश मन्त्रालयले निर्धारण गरेको न्यूनतम मापदण्डलाई आधार मानेर व्यवस्थित बस्ति विकाशको लाग परिमार्जन गरि लागु गरिनेछ ।

७. विकाश निर्माण कार्यमा गुणस्तर कायम गर्न अनुगमन र निरिक्षण प्रणलीलाइ प्रभावकारी बनाइनेछ ।

८. नगरपालिकाको व्यवस्थित ढल निकासका लागी शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा तयार हुने ढल निकास गुरुयोजना अनुरुप कार्यक्रम बनाइ कार्यान्वयन गर्ने निति लिइनेछ ।

९. पुराना भवनमा तला थपगर्ने योजनाका लागी प्राविधीक जोखिमको लेखाजोखा गरि इजाजत प्रकृया अगाडी बढाइनेछ ।

१०. भौतिक पूर्वाधार निर्माणको गुणस्तर परिक्षण गर्नका लागी जिल्ला प्राविधिक कार्यालय सग सहकार्य गरि नगरक्षेत्र भित्र हुने भौतिक पूर्वाधारहरुको गुणस्तरमा विषेश जोड दिइनेछ ।

११. भुकम्प प्रतिरोधक भवन निर्माणको लागी प्रोत्साहन गर्न डकर्मीहरुलाइ तालिम दिने निति लाइ निरन्तरता दिनेछ ।नक्सामा पास तथा भवन निर्माण प्रकृयामा तालिम लिएको डकर्मीको प्रमाणपत्र राखेर निर्माण प्रकृया अगाडी बढाउने निति लिइनछ ।

१२. मधुवन नगरपालिकाका क्रमिक रुपमा जनसंख्या बृद्धि तथा बढदो शहरीकरणलाई मध्यनजर राखि नगरपालिका क्षेत्रभित्र व्यवस्थित बसोबास गराउने उद्देश्यले जग्गा विकाश आयोजनालाई अगाडी बढाइनेछ ।

१३. एसियाली विकाश बैंकको  एकिकृत शहरी विकाश परियोजना कार्यान्वयनका लागी आवश्यक पहल गरिनेछ ।

१४. योजनाको मर्मत सम्भारका लागी मर्मत सम्भार कोष निर्माण गरि परिचालन गरिनेछ ।

१५. विगतमा स्वीकृत भएका सडकमापदण्डमा समेत आवश्यकता अनुसार पमिार्जन गरिने कार्य यस वर्ष देखि अघि बढाइनेछ ।

१६. विकाशमा सामाजिक संस्थाहरु सँग मिलेर सहकारी गरिनेछ ।

## २. शिक्षा :

१. नगरस्तरिय शिक्षा समिति गठन भैसकेको शिक्षा सम्बन्धि कार्यक्रमहरुको समन्वयन गरि मधुवन नगरपालिकाकालाइ पूर्व साक्षरताको गुणस्तर कायम गर्न थप अनौपचारिक कक्षाहरु संचालन गरिनेछ ।

२. नगरपालिकामा रहेका बालविकाश केन्द्रहरु र सामुदायिक विद्यालयहरुको भौतिक निर्माण तथा व्यवस्थापनलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरिनेछ ।

३. सामुदायिक विद्यालयहरुमा शैक्षिक सामाग्री तथा खेल सामाग्री उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।

४. बालमैत्री नगरपालिका निर्माणको अभियानलाई पुर्णता दिइनेछ ।

५. विद्यालय केन्द्रित सामुदायिक स्वास्थ्यको अवधाराना अनुरुप नगरस्तरिय बालक्लव र विद्यालय स्तरिय बाल क्लबहरुको नाममा सरसफाइ कोष स्थापना गरि सञ्चालनमा ल्याइने छ ।

६. विद्यालयमा लागुपदार्थ दुर्व्यसनीय विरुद्धको अभियान,बालक्लब क्षमता विकाश कार्यक्रम, शिशु स्याहार सम्बन्धि अभिमुखिकरण तथा विद्यालय भर्ना अभियानलाइ अगाडी बढाइनेछ ।

७. सामुदयिक विद्यालयबाट एस.एल.सि मा सर्वोउत्कृष्ट अंक प्राप्त गर्ने बालबालिका लाइ पुरस्कृत गर्ने निति लाइ निरन्तरता दिइनेछ ।

८. पिछडिएको वर्गबाट सर्वोत्कृष्ट अंक ल्याइ उत्तिर्ण हुने एक जना छात्रछात्रालाइ उच्च शिक्षा अध्यनका लागी एकमुष्ट रुपमा सहयोग उपलब्ध गराइनेछ ।

९. एक ठाउ एक प्रविधी शिक्षा नितिलाई अबलम्बन गरिनेछ ।

१०. पाठ्यक्रममा सुधार गरि अनिवार्य अंग्रेजी शिक्षाको शुरुवात गरिनेछ ।

११. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाउमा दरवन्दी मिलान गर्दै कार्यक्रमलाई अगाडी बढाइनेछ, प्रति न्यून विद्यार्थी रहेका  विद्यालयहरुलाई नजिकैको विद्यालयमा मर्ज गरि शिक्षक दरबन्दी समेत मिलान गरिनेछ ।

१२. यस नगरपालिकाको धरोहरका रुपमा रहेको गुराँस बहुमुखि क्याम्पस लाई ५ वर्षे गुरुयोजना बनाई आवश्यक शैक्षिक सुधारका कार्यक्रमहरु अगाडी बढाइनेछ ।

१३. निजि क्षेत्रद्धारा संचालित सवै शिक्षण संस्थाहरुलाई करको दायरामा ल्याइनेछ । न्यूनतम पारिश्रमिक नदिई अध्यन अध्यापन गराउदै आएको पाइएमा वा विभिन्न बाहानामा शुल्क लिने तर सुविधा नदिने गरेको देखिएमा छानविन गरि कारवाही समेत गरिनेछ ।

१४. विद्यालयको सम्पूर्ण शैक्षिक प्रगति तथा अन्य क्रियाकलापहरुलाई मुल्याङ्कनको आधारमा थप सहयोग बृद्धि गर्दै जाने निति लिइनेछ ।

## ३. स्वास्थ्य :

१. नगरपालिका लाई पूर्ण खोपमुक्त नगरपालिका घोषणा तर्फ उन्मुख गराइनेछ ।

२. नगरस्वास्थ्य क्लिनिकको अवधारणा अनुरुप मधुवन न.पा. वडा नं. ५मा नगरस्वास्थ्य क्लिनिकको स्थापना गरि सञ्चालनमा ल्याइएको र बाकी वडामा समेत स्थापना गर्दै लैजाने निति लिइनेछ ।

३. स्वास्थ्य क्षेत्रमा स्वास्थ्य स्वयम सेविकाको योगदानको उच्च मुल्यांकन गर्दै महिला स्वास्थ्य स्वयमसेविका विउ पुजीकोष स्थापना गरिनेछ ।

४. भविष्यमा आइपर्न सक्ने विविध दैविक प्रकोप नियन्त्रका लागी बजेट व्यवस्था गरिने छ ।

५. पोलियो खोप,भिटामिन ए कार्यक्रम,एच.आइ.भी एडस र लागुपदार्थ दुर्व्यसनिय नियन्त्रको लागी स्थानिय संघ सस्थाहरु सग समन्वयन गरि कार्यक्रम संचालन गरिनेछ ।

६. सबै स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकिको स्तर बृद्धि गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

७. नगर स्वास्थ्य क्लिनिक सञ्चालनका लागी जनस्वास्थ्य कार्यालय र नगरपालिकाको वीचको साझेदारीलाई निरन्तरता दिइनेछ ।

८. नगरक्षेत्रका ह्याण्ड पम्पको पानीमा आस्रनीक लगायतका समस्याहरु रहेकोमा रेडक्रसको समन्वयनमा आस्रनिक परिक्षण, आस्रनिक रहित सामुदायिक धारा उपलब्ध गराउने निति अबलम्बन गरिनेछ ।

९. नगरक्षेत्रका महिलाका लागी विषेश मातृ शिशु स्याहार कार्यक्रम ल्याइने छ ।

१०. थारु जातिमा देखिने सिकलेस रोग उपचारका लागी सिकलेस रोग उपचार कोष निर्माण गर्नुका साथै सो रोगको उपचारको लागी अस्पताल निर्माण गर्न जग्गा उपलब्ध गराउने निति लिइनेछ ।

११. स्वास्थ्यमा सबैको पहुच पूर्‍याउन विपन्न सबै बस्तीहरुमा एम्बुलेन्स सेवा पुग्ने गरि पूर्वाधार निर्माण समेत गरिनेछ ।

१२. साईकल उपलब्ध नगराएका सबै स्वयंम सेवीकाहरुलाई एक/एक थान साईकल उपलब्ध गराउने निति लिइनेछ ।

१३. कम्तीमा २५ सैया सम्मको अस्पताल स्थापना गर्न पहल गरिनेछ । सो कार्यका लागी विभिन्न संघ सस्थाको सहयोग समेत लिइनेछ ।

१४. जिर्ण भएका स्वास्थ्यकेन्द्र हरुको मर्मत सम्भार गरि संचालनमा ल्याइनेछ ।

१५. विभिन्न ठाउहरुमा घुम्ति सेवा समेत सञ्चालन गरिनेछ ।

१६. कुपोषण भएका बच्चहरुको पहिचान गरि निशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

१७. अति विपन्न  र उपचार बाट बञ्चित घर परिवारहरु लाई स्वास्थ्यमा थप सहयोग गर्ने निति लिइनेछ ।

## कृषिका निति तथा कार्यक्रम :

**क**) आर्थिक विकाश :

### क.१. कृषि :

कृषि विकाश मार्फत नगरपालीका वासिहरुको समृद्धिका लागी निम्न अनुसारको निति अबलम्बन गर्ने गरि प्रस्थाव गरेको छ ।

१. " आर्थिक समृद्धिको पहिलो आधार कृषि"भन्ने मुल नाराका साथ नगरपालिका क्षेत्रको सम्भाव्यता अध्यन गरि कृषि उत्पादनमा व्यवसायिकरण, आधुनिकिकरण, यान्त्रिक करण तथा बजारिकरण गरिने छ ।

२. व्यवसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारिकरण गरिने स्थल सम्म कृषि सडक सञ्जाल पुऱ्याउन पहल गरिने छ ।नगरपालिकामा बजारको कृषि हाटबजारलाई सुदृढिकरण र विस्तार गरिने छ ।

३. भुगोल र हावापनी अनुकुल हुने कृषि प्रणाली लागु गरिने छ । कृषि औजार, मल, विउ विजन, र तालिमको प्रबन्ध मिलाइने छ ।

४. कृषि पेशालाई सम्मानित,मर्यादित र कृषकलाई आत्म निर्भर बनाई कृषिमा आश्रीत जनताको जीवन स्तर सुधार गरिनेछ ।

५. तरकारी तथा अन्नबालीको भण्डारण गर्न सबै पक्षले सहभागितामा नगरपालिकास्तरिय शित भण्डार तथा भण्डार गृह निर्माण प्रकृया अगाडी बढाइने छ

६. विभिन्न उपभोग्य बस्तुहरुमा आत्म निर्भर बन्न कृषि उत्पादन पकेटक्षेत्रहरु निर्धारण र विकाश गरिनेछ ।

७. सामुहिक तथा शहकारी खेतीलाई प्रोत्साहित गर्न विषेश अनुदान को व्यवस्था गरिने छ ।

८. कृषि अुसन्धान केन्द्रको समन्वयमा कृषिका विविध विषयगत क्षेत्रको अध्यन गर्ने कार्यलाइ थालनी गरिने छ ।

९. कृषि पूर्वाधार सडक, सिचाई, भण्डारण र संकलन केन्द्रलाई सुधार तथा बिस्तार गरिने छ ।

१०. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पहल गरिने छ ।

११. कृषक पेन्सन कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक योजना तय गरिने छ ।

१२. कृषक समुह तथा सहकारी संस्था मार्फत रासायनिक मलको डिपो संचालनको व्यवस्था मिलाईने छ ।

१३. कृषकहरुलाई आवश्यक पर्ने विउ उत्पादनलाई बढावा दिन मुल विउबाट विउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत विउ वितरण र पशुको नस्ल सुधारको अनुदानको व्यवस्था गरिने छ ।

१४. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।हालको जोन कार्यक्रमलाई सुपर जोनमा लैजान पहल गरिने छ ।

१५. उच्च मुल्यका कृषि बस्तु उत्पादन र बजार व्यवस्थापनमा विषेश जोड दिइनेछ ।

१६. एक गाउ एक नमुना कृषि उत्पादन ब्लकको योजनालाई विशेष जोड दिइनेछ ।

१७. दुग्ध उत्पादनका लागी विशेष निति अबलम्बन गरि दुग्ध जन्य उद्योगलाई प्रोत्साहित गरिनेछ ।

१८. पशु नश्ल सुधारका लागी कृतिम गर्भाधान कार्यक्रम संचालन गरिने छ ।पशु आहाराका लागी घास खेतीका कार्यक्रम संचालन गरिने छ ।पशु स्वास्थ्यका लागी औषधी उपचारको व्यवस्था गरिनेछ । उत्पादित पशुपंछी जन्य उत्पादनको उचित बजारीकारणको प्रबन्ध मिलाईनेछ ।कृषक तथा पशु स्वास्थ्य सेवा प्रविधिकहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१९. नगरपालिका भित्रका पशुपंछी फर्म , मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरि नियमन गरिनेछ ।

२०. स्वच्छ र स्वस्थ मासु उपभोक्ता सम्म पुऱ्याउन आधुनिक पशु बधशाला निर्माण प्रकृया अगाडी बढाईनेछ।

२१. एक गाउ एक कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई बढावा दिइनेछ ।

२२. कृषि पर्यटन क्षेत्रको अवधारणलाई बढावा दिइनेछ ।

२३. कृषि जैविक विविधता संरक्षणका लागी लोपोन्मुख जातहरुको विस्तार तथा संरक्षण गरिनेछ

## ४. पर्यटन,सस्कृती तथा वातावरण संरक्षण

१. प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरि सम्पूर्ण क्षेत्राधिकार भित्रका सामुदायिक वनहरुको स्वामित्य ग्रहण गरिनेछ ।

२. तालतलैया,पार्क हरियालीलाई विशेष जोड दिइनेछ ।

३. मध्यमाञ्चल क्षेत्रका पर्यटकिय स्थानहरुसँग समन्वय गरि मधुवन को रत्नचोक देखि खाता राजमार्गको रुपमा विकाश गरिनेछ र पर्यटन क्षेत्र विकाश एवं विस्तारका लागी संघ संस्था सँग समन्वय स्थापना गरि प्रवर्धन गर्न पहल गरिनेछ ।

४. धार्मिक तथा पुरातात्विक स्थालहरुको खोज,पहिचान,संरक्षण तथा प्रचार प्रसामा पहल गरिनेछ ।

५. बजारको सौदर्यता तथा जनस्वास्थ्यमा समेत प्रतिकुल असर पर्ने किसिमले अव्यवस्थित र छाडा रुपमा रहने चौपायाहरुको नियन्त्रणका लागी कान्जीहाउस लाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

६. शहरका मुख्य सडक लगायतका थप सडक को उन्नोती गरिने सडक किनारामा अनिवार्य बृक्षारोपनका कार्यलाई थप ग्राहयता दिई निरन्तता दिइनेछ ।

७. जलवायू परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

८. सामुदायिक वन उपभोत्ता समितिहरु लाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ ।

९. योजना छनोट तथा संचालन गर्दा बालवालिका मैत्री र बातावरण मैत्री बनाउने निति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०. उद्योग संचालनका लागी वातावरणीय पक्षलाई ध्यान दिइनेछ र स्थापित उद्योगलाई वातावरणीय पक्षमा सुधारका लागी प्रभावकारी कार्य गर्न प्रोत्साहन गरिनेछ ।

११. एक व्यक्ति एक विरुवा भन्ने नितिलाई वार्षिक कार्यक्रमका रुपमा सञ्चालनका रुपमा ल्याइनेछ ।

१२. एक नगर एक उद्यान कार्यक्रम लाई अगाडी बढाइनेछ ।

१३. बाल उद्यान निर्माणमा जोड दिइनेछ ।

१४. वैकल्पीक उर्जाको प्रयोगलाई जोड दिइनेछ ।

१५. घर लगाएतका पूर्वाधार निर्माणमा १ घर २ विरुवा नितिलाई अबलम्बन गरिनेछ । नक्सा पास प्रक्रियामा समेत त्यसलाई अनिवार्य बनाइनेछ ।

१६. नगरभित्र रहेका सबै मठ मन्दिर,चर्च,मस्जितहरु लाई व्यवस्थित गरिनेछ । मन्दिरहरुको संरक्षण, मर्मत, संभार मा विशेष व्यवस्थापन गरिनेछ ।

१७. कन्द्रा र सूर्यपटुवाको वडा नं.१ को पश्चिमि क्षेत्रलाई तथा कोठियाघाटको  क्षेत्रलाई पिकनिक स्पोर्ट निर्माणका साथै पर्यटकिय क्षेत्रको रुपमा विकाश गर्ने निति लिइनेछ ।

## ५. फोहोरमैला व्यवस्थापन :

१. वातावरण प्रदुषण गर्ने ठुला उद्योगहरुलाई प्रदुषण करको दायरामा ल्याई कुटिर उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।

२. नगरपालिकाले गर्दै आएको सरसफाइको काम सार्वजनिक निजि साझेदारीको अवधाराणा अनुरुप संचालन गर्ने निति लिइनेछ ।

३..पोष्ट ओ.डि.एफ कार्यक्रम संचालनमा ल्याइनेछ ।

४. फोहारमैला व्यवस्थापन, दिसाजन्य लेदो पदार्थ व्यवस्थापन, ल्याण्ड फिल्ड साईड निर्माण जस्ता कार्यलाई, संघ संस्था,व्यक्ति वा कार्यालय समेत मिलेर अगाडी बढाईनेछ ।

५. घरधुरी तहमा फोहोर वर्गीकरण तथा कम्पोष्ट मल बनाउने तालिमलाई निरन्तरता दिइनेछ ।

६. संस्थाजन्य फोहोर जस्ता हानिकारक फोहोरहरुको व्यवस्थापनमा स्थानिय निजी साझेदारहरुसँग सहकार्य गरिनेछ ।

७. प्रदुषण गरे प्रदुषकले तिर्नु पर्दछ (Polluters pay principle) र प्रदुषण हटाउदा पनि फाइदा हुन्छ (Pollution preventers Grain) भन्ने सिद्धान्तलाई फोहोर सँग जोडी स्थानीयकरण गरिनेछ ।र सघन सरसफाइ पद्धतिलाई अबलम्वन गर्दै शहरी क्षेत्रका कम्तिमा २ वटा वडामा फोहोरमैला शुल्कलाई एकिकृत सम्पति कर सँग समायोजन गर्ने यसै आ.व देखि लागु गरिनेछ ।

८. कार्यालय परिसरलाई पूर्ण प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरि शहरी वातावरणलाई स्वच्छ राख्न २० माइक्रोन भन्दा तलका प्लाष्टिक झोला निषेध गर्ने र अन्य प्लाष्टिक झोलाहरु लाई निरुत्साहित गरिनेछ ।

९. वातावरण तथा फोहोरमैला व्यवस्थापन लाई एकिकृत रुपमा विकाश गर्ने निति लिईनेछ ।

१०. सार्वजनिक सौचालयहरु निर्माण र व्यवस्थापन गरिनेछ ।

## ६. सामाजिक विकाश :

१. सामाजिक परिचालन मार्फत समुह तथा समुदाय परिचालन लाई निरन्तरता दिइनेछ ।

२. टोल विकाश संस्था नागरिक सचेतना केन्द्र लगायत समुदायमा आधारित अन्य संस्थाहरुको क्षमता विकाशका कार्यक्रमलाई जोड दिइनेछ ।

३. सामाजिक परिचालनद्धारा शहरी गरिवी न्यूनीकरणका लागी जनसहभागितामा आधारित आयआर्जन सम्बन्धी कार्यक्रम संचालनमा ल्याइनेछ ।

४. सामाजिक सुरक्षा अर्न्तगत प्रदान गरिने सामाजिक सुरक्षाको रकम व्यवस्थित र प्रभावकारी वितरणका लागी विभिन्न बैंकिङ्ग शाखासँग भइरहेका कार्यलाई निरन्तरता दिइनेछ ।

५. आदिवासी,जनजाती,पिछडावर्ग,महिला,मधेशी, मुस्लिम जस्ता पछाडी पारिएको वर्गलाई योजना छनौट देखि प्रतिफल वितरण सम्मका चरणहरुमा न्याय संगत तरिकाबाट सहभागी गराइनेछ ।

६. अपाङ्ग भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवा सुविधाहरु निःशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएकोछ ।

७. परिपक्क भइसकेका ना.स.के लाई सहकारीमा रुपान्तरण गरिने नीतीलाई अवलम्बन गरिनेछ ।

८. समाजमा पिछडिएका, विपन्न महिलाहरु को आय आर्जनमा सुधारल्याई जिवनस्तर सुधार गर्न विभिन्न आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. सामाजिक मुल्य र मान्यता लाई कायम गर्दै विगत देखि संचालनमा आएको सामाजिक मेलमिलाप केन्द्रलाई थप सशक्त र सुदृढ गराईने छ । यसका लागी आवश्यक बजेटको व्यवस्था समेत गरिनेछ ।

१०. नगरका विपन्न महिलाहरुको जिवन स्तर सुधारगर्न विशेष सहयोग कार्यक्रम संचालन गरिनेछ ।

## ७. महिला विकाश र शसक्तिकरण :

१. घरेलु हिंसा विरुद्धको ऐन र राष्टिय कार्ययोजना २०६६ अनुसार लैंगिक हिंसाविरुद्ध नगरस्तरिय कार्यक्रमहरुमा सहकार्य गरिनेछ ।

२. नगरपालिकाको कार्यक्रम तथा बजेट विनियोजन गर्दा लैगिक समानतालाई प्राथमिकतामा राखिनेछ ।

३. नगरक्षेत्रमा हुने घरेलु हिंसा तथा लैंगिक हिंसालाई निरुत्साहित गर्न जोड दिने ।

४. एकल महिलाहरुको सीप,दक्षता र संस्थागत क्षमता अभिबृद्धि गर्ने निति लिइनेछ ।

५. हिंसा,शोषण तथा अन्य पिडाबाट पिडित महिला तथा बालबालिकाहरुको सुरक्षा र हितमा ऐक्यबद्धता जनाउन कोषको स्थापना गरिनेछ ।

६. गरिबी विरुद्ध महिला अभियान सुरु गरिनेछ ।

७. लक्षित महिलाहरुका लागी आयमुलक तथा सीपमुलक तालिम संचालन गरिनेछ र उद्यमशिलता विकासका लागी छुट्टै कोषको निर्माण गरिनेछ ।

८. अर्न्तराष्टिय नारी दिवस तथा तिज जस्ता महिलाहरुका विषेश कार्यक्रम बजेटको व्यवस्था गरिनेछ ।

९. निजामति सेवामा महिलाको पहुच बढाउन लोक सेवा कक्षाहरु सञ्चालनमा ल्याइनेछ ।

## ८. आर्थिक प्रशासन, राजश्व तथा कर प्रणाली :

१. आन्तरीक आयको बुद्धि तथा दिगो विकासका लागी कर प्रशासनलाई व्यवस्थित बनाइनेछ ।

२. करको दायरा फराकिलो बनाउदै करका दरहरुमा सामान्य हेरफेर गरिनेछ । आगामी आ.व. को लागी एकिकृत सम्पत्ति करको दरमा सामान्य परिवर्तन गरिएको छ ।

३. लेखा प्रणलीलाई थप व्यवस्थितगर्न प्रोदभावी लेखा प्रणालीको सुरुवात गर्ने कार्यमा आवश्यक तयारी गरिनेछ ।

४. व्यवसायिक कर संकलन ppp को अवधारणा अनुसार अगाडी बढाइनेछ ।

५. एकिकृत सम्पत्ति कर भित्र नगरपालिकाका सबै करदाताहरुलाई समेटनका लागी करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

६. न.पा. भित्र उच्चतम तथा नियमित कर तिर्ने करदाताहरुलाई सम्मान गर्ने नितिलाईृ निरन्तरता दिइएकोछ ।

७. नगरपालिका भित्र भिन्न भिन्न व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायिहरुलाई नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता प्रणलीलाई कार्यान्वयनमा ल्याइनेछ ।

८. न.पा. भित्र रहेका बबई नदी लगायतका अन्य तालतलैयाको व्यवस्थापन गरि आयमुलक आयोजनाको रुपमा लगानी बढाउदै लगिने निति अबलम्बन गरिनेछ ।

९. पशु हाट बजार तथा अन्य तरकारी हाट बजारको स्तर उन्नती तथा क्षेत्र विस्तार गरिनेछ ।

१०. कार्मचारीको कार्यबोझ तथा जिम्मेवारीको आधारमा थप प्रोत्साहन गर्ने निति लिइनेछ ।

११. राजश्व सम्भाव्यता अध्यन प्रतिवेदन तथा नगरस्तरिय राजश्व परामर्श समितिको बैठकको सिफारिसका आधारमा आयको प्रक्षेपण र कर शुल्कको दररेट निर्धारण गरि कर संकलनको प्रकृयालाई प्रभावकारी बनाइनेछ ।

१२. पुजीगत लगानीलाई आयमुलक योजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिनेखालका आयमुलक योजनाहरुलाई बहुबर्षिय आयोजनाको रुपमा संचालन गर्ने निति लिइनेछ ।

## ९. सुशासन र पारदर्शीता :

१. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुशासन व्यवस्थापन समितिलाई अझ बढी प्रभावकारी बनाइनेछ ।

२. First come first serve systemनितिलाई पुर्णतया लागु गरि मुस्कान सहितको सेवा प्रदान गरिनेछ ।

३. नगरपालिकाको मासिक आम्दानी तथा खर्च सार्वजनिक सुचना पार्टी तथा छापा संचार माध्यमबाट प्रसारण गरिने नितिलाई निरन्तरता दिइनेछ ।

४. सार्वजनिक परिक्षण,सामाजिक परिक्षण एवं सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

५. सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन गर्दै Public opinionलिने परिपाटिलाई अझ बढी व्यवस्थित गरिनेछ ।

६. सुचनाको प्रकृती हेरी तत्काल सुचना उपलब्ध गराइने परिपाटीको विकाश गरिनेछ ।

७. प्रत्येक योजनामा सार्वजनिक सुचनापाटीको व्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियाशिलतालाई बढाइनेछ ।

८. शतप्रतिशत आयोजनाहरुको सार्वजनिक परिक्षण गर्ने निति लिइनेछ ।

९. नगरपालिकाको समग्र मुल्याङ्कन गर्ने पद्धतीको रुपमा बिकसित भइरहेको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन लाई आत्मासाथ गरि नगरपालिकाको समग्र काम कारबाहीलाई प्रभावकारी बनाइनेछ ।

१०. बिभिन्न कर तथा दस्तुरहरुलाई कम्प्यूटर बाट नै विलिङ्ग गर्ने प्रणलीलाई निरन्तरता दिई कम्प्यूटर अभिलेख प्रणालीलाई दुरुस्त गरिनेछ ।

११. नगरपालिकाको सेवालाई सेवामुखी र प्रभावकारी बनाउनका लागी टोकन प्रणाली मार्फत सेवा दिने प्रक्रियालाई अवलम्बन गरिनेछ ।

१२. न.पा.को सम्पूर्ण गतिविधीहरुलाई सि.सि क्यामरा,अडियो र डिजिटल डिसप्ले मार्फत सार्वजनिक गर्ने परिपाटीको विकाश गरिनेछ ।

१३. सुचना सम्प्रेसन गर्ने प्रक्रियालाई द्रुत बनाउनका लागी Group smsप्रणालीको विकाश भइसकेको सन्दर्भमा सो कार्यलाई निरन्तरता दिइनेछ ।

## १०. संगठन तथा जनशक्ति विकास :

१. आगामी आ.व मा यस नगरपालिकाको संगठन विकास योजना तयार गरि साविक संगठन विकास योजनाको पुन:मुल्यांकन गरि सो बमोजिमका शाखा तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।

३. पटक पटक सेवा खरिद गर्दा कार्यबोझ र नियमिततालाई विचार गरि पुराना सेवा करारमा लिई निरन्तरता पाएकाहरुलाई उनीहरुको योग्यता र आचरणका आधारमा निरन्तरता दिने निति लिइनेछ ।

४. जनशक्तिको दिगो व्यवस्थापन गर्न करार सेवाबाट लिइएका अधिकृत स्तरका कर्मचारीहरुलाई समान तलब र सुविधाको व्यवस्था गरिनेछ ।

५. सेवा करारबाट लिइएका कर्मचारीहरुको हकमा योग्यता दक्षता र न.पा को आवश्यकताको आधारमा समान सेवा सुविधा उपलब्ध गराइने नीती लिइनेछ ।

६. उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने परिपाटीको निरन्तरता गरिनेछ ।

७. न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्यांकन लाई समेत कर्मचारीको कार्यसम्पादन मूल्यांकनको आधार बनाइनेछ ।

८. ऐन,नियमको परिधि भित्र रहि कार्य सम्पादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरबृद्धि,प्रोत्साहन पुरस्कार प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।

९. मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नितिलाई प्राथमिकता दिइनेछ ।

१०. विगतमा विज्ञापन खोली स्थगित भएका आवश्यक पर्ने दरवन्दीहरुमा स्थायी पदपूर्तीहरुको व्यवस्था मिलाइनेछ ।

११. वृती विकशको क्रममा एउटै सेवाको अन्तरगत कुनै अर्कै स्थानिय निकायमा स्थायी रुपमा काम गरी उक्त पद भन्दा माथीको पदमा कुनै स्थानिय निकायले लिएको परिक्षामा उत्तिर्ण गरि आएका वा गएका कर्मचारीहरुको सेवा अवधी जोडने निति लिइनेछ ।

## ११. सुरक्षा निति :

१. नगरक्षेत्र भित्र सुरक्षा लाइ व्यवस्थित गराउन सबै वडाहरुमा वडा प्रहरी कार्यालय स्थापना गर्दै जाने निति लिइनेछ

२. संघिय सरकार (केन्दिय सरकार ) प्रदेश सरकार गठन पश्चात तिनै तहको समन्वयमा बन्ने नति अनुरुप नगरप्रहरी संगठन लाई विस्तार गर्ने निति लिइनेछ

## १२. औद्योगीक निति :

१.साना तथा कुटिर उद्योगहरुलाई विकाश एव विस्तार गर्न विभिन्न किसिमका तालिमहरुको व्यवस्था यसै वर्ष देखि सुरु गरिनेछ ।

२. मझौला तथा ठुला उद्योहरुको स्थापना गर्न नेपाल सरकारको औद्योगिक निति अनुरुप विभिन्न कार्यहरु अघि बढाइनेछ ।

## ११. विविध :

१. प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम राजश्व बाँडफाँडको लागी जिल्ला समन्वय समिती सग समन्वय गरि अघि बढने निति लिइएकोछ ।

२. यस न.पा. क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नितिलाई निरन्तरता दिदै खुलेका नया तथा पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरी नक्शांकन गरिनेछ

३. गत आ.व मा नगर क्षेत्रको सडक बत्ती उल्लेख बिस्तार गरिएकोमा सो क्षेत्र र संभावित बिस्तार हुने क्षेत्रमा लागत सहभागितात्मक अवधारणा अनुरुप सडक बत्ती शुल्क यसै बर्ष देखि एकिकृत करमा लिइनेछ ।

४. धार्मिक,ऐतिहासिक,साँस्कृतीक महत्वका धरोहरहरुको मर्मत,संरक्षण र विकाशमा जोड दिइएकोछ

५. न.पा. क्षेत्र भित्र रहेका सम्पूर्ण सरोकारवालाहरुसँगको समन्वयमा न.पा.का कार्यक्रम संचालन गर्ने निति अबलम्बन गरिएकोछ ।

६. गुराँस बहुमुखी क्याम्पसलाई जिल्लाकै उच्च शिक्षाको धरोहरका रुपमा विकास गर्न थप स्नातकोत्तर कक्षाका साथै प्राविधिक शिक्षाको व्यवस्थाका लागी गुराँस बहुमुखी क्याम्पस तथा अन्य सरोकारवालासँगको समन्वयमा कार्यक्रम अगाडी बढाइनेछ ।

७. विभिन्न राष्टका नगरपालिका,उपमहानगरपालिका एवं महानगरपालिकाहरुसँग भगिनी सम्बन्ध स्थापनाका लागी पहल गरिनेछ ।

८. विश्व बैंक,एसियाली विकाश बैंक,जापानी सहयोग नियोग,कोरियाली सहयोग नियोग जस्ता दातृ निकायहरुलाई मधुवन न.पा.मा कार्यक्रम संचालनका लागी अनुरोध गरिनेछ ।

९. नगरपालिका भित्र रहेका नगरस्तरिय समितिहरुलाई क्रियाशिल बनाइनेछ ।

१०. उचित स्थानको जग्गामा व्यवस्थित बसपार्क निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाई अतिक्रणमा रहेका सार्वजनिक जग्गालाई संरक्षण समेत गरिनेछ ।

११. यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सञ्चारहरुलाई सकभर कार्यमा दोहोरोपन नआउने गरि स्वीकृत दिईनेछ ।

१२. सिमा विकाश कार्यक्रम सञ्चालन गरि सिमा क्षेत्रका वासिन्दाहरुको स्वास्थ्य, शिक्षा, र जिवन स्तर उकास्ने कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१३. जेष्ठ नागरिकहरुलाई मध्यनजर गरि व्यवस्थित दिवा सेवा सञ्चालन गरिनेछ ।

१४. गैर सरकारी संस्थाहरुलाई जनहितमा कार्यक्रमहरु संचालन गर्न अनुमति दिई सहकार्य समेत गरिनेछ ।

१५. सभा सकिएपछि पनि अनुमति लिन आउने समाजिक संस्थाहरुलाई नगरप्रमुख बाट औचित्य हेरी अनुमति दिन सक्ने गरि व्यवस्था मिलाइनेछ ।

१६. नदी किनार र निकुञ्ज सग जोडिएका बस्तीहरु स्थानान्तरण गर्ने निति लाई अघि बढाइनेछ ।